नेपाल सरकार

# महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय

(दोस्रो पटक सूचना प्रकाशित मिति : २०८२ वैशाख २५ गते, बिहीबार)

## (लुम्बिनी प्रदेश तथा कर्णाली प्रदेशका स्थानीय तहका लागि मात्र)

यस मन्त्रालयको आ.व. २०८१/८२ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार राष्ट्रपति महिला सशक्तीकरण परियोजना अन्तर्गत प्रत्येक प्रदेशबाट एक महिला उद्यमी समूह र महिला उद्यमीहरूलाई प्रविधि सहयोग उपलब्ध गराउने कार्यक्रम रहेको छ। **महिला उद्यमशीलता विकास, वित्तीय पहुँच, टेवा पुँजी र प्रविधि सहयोग कार्यक्रम सञ्चालन कार्यविधि,** २०७७ को दफा ४ बमोजिम इच्छुक महिला उद्यमी र महिला उद्यमीहरूको समूहले यो सूचना प्रकाशन भएको मितिले सात दिनभित्र प्रविधि सहयोगका लागि सम्बन्धित स्थानीय तह (लुम्बिनी प्रदेश तथा कर्णाली प्रदेश) मा देहायका कागजात सहित निवेदन दिनुहुन यो सूचना प्रकाशन गरिएको छ।

**महिला उद्यमी र महिला उद्यमी समूहले निवेदन साथ पेश गर्नुपर्ने कागजातहरू:**

(क) **उद्योग/व्यवसाय दर्ता वा नवीकरणको प्रमाणपत्र,**

(ख) **स्थायी लेखा नम्बर वा मूल्य अभिवृद्धि कर दर्ताको प्रमाणपत्र,**

(ग) **कर दाखिला गरेको प्रमाण वा कर चुक्ताको प्रमाणपत्र,**

(घ) **आवश्यकता अनुसार व्यावसायिक इजाजत-पत्र,**

(ङ) **व्यावसायिक योजना,**

(च) **माग गरेको प्रविधि र सो प्रविधिको क्षमता।**

सम्बन्धित स्थानीय तहले प्रविधि सहयोग माग गरी दिएका निवेदनहरू साथ संलग्न कागजातहरूको आधारमा कार्यविधिको दफा ७ बमोजिम महिला उद्यमी र महिला उद्यमी समूह छनोट गरी निवेदन दिने समय (म्याद) समाप्त भएको मितिले ७ (सात) दिनभित्र सम्बन्धित प्रदेशका सामाजिक विकास मन्त्रालयमा सिफारिस गरी पठाउनुहुन यसै सूचनाद्वारा जानकारी गराइन्छ। साथै, महिला उद्यमशीलता विकास, वित्तीय पहुँच, टेवा पुँजी र प्रविधि सहयोग कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ मन्त्रालयको वेबसाइट : **www.mowcsc.gov.np** मा हेर्न सकिने व्यहोरा समेत अनुरोध छ।

**नोटः** लुम्बिनी प्रदेश तथा कर्णाली प्रदेशका स्थानीय तह र उल्लिखित प्रदेश मन्त्रालयले यसै सूचनालाई आधार मानी महिला उद्यमशीलता विकास, वित्तीय पहुँच, टेवा पुँजी र प्रविधि सहयोग कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ बमोजिम कार्य सञ्चालन गर्न गराउनुहुन महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय अनुरोध गर्दछ। साथै पहिलो पटक सूचना प्रकाशन गर्दा स्थानीय तहमा आवेदन परेको भएमा सो आवेदनलाई समेत समावेश गर्ने।